# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको
# २३ औं वार्षिक साधारण सभाको
# निर्णय माइन्यूट (बिवरण)

सभा मिति : २०७६ साल पौष २८ गते सोमबार ( तदनुसार जनवरी १३, २०२० )

सभा समय : दिउंसो १.०० बजे

सभा स्थान : ज्यापू प्रज्ञाभवन, भोलगणेश, ललितपुर ।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको तेइसौं बार्षिक साधारण सभाको

## निर्णय अभिलेख (माइन्यूट)

१. **सभाको बैधानिकता :**

प्रोग्रेशिभ फाइनान्स लिमिटेडको तेइसौं बार्षिक साधारण सभा यस कम्पनीको संचालक समितिको मिति २०७६/०८/२९ गते बसेको संचालक समितिको ४३७ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री किशोर कुमार महर्जनज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति: २०७६ पौष २८ गते सोमबार तदनुसार जनवरी १३, २०२०

समय: दिनको १:०० बजे

स्थान: ज्यापू प्रज्ञाभवन, भोलगणेश, ललितपुर

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार तेइसौं बार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण निम्नानुसार खुलाई सभामा उपस्थितिका लागी शेयरधनीहरुलाई मिति २०७६।०९।०४ को नयाँ पत्रिका दैनिक र मिति २०७६।०९।२२ गतेको राजधानी दैनिकमा प्रकाशित गरिएको थियो । साथै साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई बितरणको प्रबन्ध मिलाईएको थियो ।

४. **छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :-**

१. संचालक समितिको तर्फबाट प्रस्तुत बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण(वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७६/०७७ को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हालका लेखापरीक्षक श्री एस्.एम.सी. एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुन: नियुक्ति हुनका लागि योग्य हुनुहुन्छ ।)
४. विविध ।

**(ख) विशेष प्रस्तावहरु :-**

१. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने सम्बन्धी विषेश प्रस्ताव पारित गर्ने तथा प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
२. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा बित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यता प्राप्त परामर्शदाता, मुल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने,



Progressive Finance Ltd. 2051

एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाभ्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने। (*विगत साधारण सभाको निरन्तरताका लागि*)

५. **उपस्थिति :**

(१) संचालक समितिका सदस्यहरु जम्मा ६ जना।

(२) शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा २७० जना (साधारण शेयरधनी: २४६ तथा संस्थापक शेयरधनी: २४)

**५.१** कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु :

१. श्री किशोर कुमार महर्जन - अध्यक्ष
२. श्री शम्भुलाल डंगोल - संचालक
३. श्री समुन्द्र काजी श्रेष्ठ - संचालक
४. श्री सविना महर्जन - संचालक
५. श्री अनिश महर्जन - संचालक
६. श्री विप्लव सिंह - स्वतन्त्र संचालक

**५.२. अन्य पदाधिकारीहरुको उपस्थिति :**

१. श्री विशाल हुमागाईं - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
२. श्री महेश्वर पहारी - नायब प्रमुख कार्यकारी अधिकृत
३. श्री प्रमोद भट्टराई - मुख्य प्रबन्धक
४. श्री ध्रुव कुमार श्रेष्ठ - मुख्य अधिकृत
५. श्री रबिन महर्जन - अधिकृत
६. श्री रजनी शाक्य - अधिकृत
७. श्री जयराम कर्माचार्य - अधिकृत
८. श्री लक्ष्मी श्रेष्ठ - अधिकृत

**५.३ नियमनकारी निकायबाट भएको उपस्थिति: नभएको**

उपस्थिति विवरण

| **विवरण** | **उपस्थिति** | **शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत** |
|---|---|---|
| शेयरधनीहरु | २७० जना (६ जना संचालक समेत) स्वयं | ५३.१९ प्रतिशत |
| शेयर संख्या | प्रतिनिधित्व भएको जम्मा शेयर संख्या: ४२,५६,४७८ | |

६. **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :

यस कम्पनीको तेइसौं बार्षिक साधारण सभामा यस कम्पनीको बार्षिक साधारण सभा गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता ८० लाख १

हजारमा ४२ लाख ५६ हजार ४ सय ७८ कित्ता अर्थात् ५३.१९ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी जम्मा २७० जना शेयरधनीहरुको स्वयं उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयर कित्ताको प्रतिनिधित्व र शेयरधनीहरुको संख्या उपस्थिति भएको थियो ।

**७. सभा संचालनको लागि बैधानिकताको एकिन :**

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको तेइसौं बार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या २७० रहेको र निजहरुले धारण गरेको कुल शेयर संख्याको ५३.१९ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा संचालन गर्न बैधानिक भएको जानकारी सभालाई गराई सभाका सभापतिको अनुमतिले तेइसौं बार्षिक साधारण सभाको कामकारवाही सञ्चालन गराउनुभयो ।

७.२. यस कम्पनीको नियमावली को नियम १९ (१) मा भएको व्यवस्था बमोजिम दिनको १:०० बजे अध्यक्ष श्री किशोर कुमार महर्जनज्यूको अध्यक्षतामा वित्तीय संस्थाको तेइसौं बार्षिक साधारण सभा शुरु भयो ।

**८. बार्षिक साधारण सभाको प्रस्तुति :**

१. सभाका अध्यक्षज्यूबाट पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाट्न पश्चात वहाँकै अनुमतिले सभाको काम कारवाही शुरु गरियो ।

२. अध्यक्षज्यूले आफ्नो मन्तव्य दिनुहुँदै संचालक समितिका तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्नुभयो ।

३. त्यस पछि अध्यक्षज्यूले आ.व. २०७५/७६ को बासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनूसूचीहरु समेत छलफलका लागी सभा समक्ष पेश गर्नुभयो ।

**९. छलफलका लागि आह्वान :**

९.१. वित्तीय संस्थाको आ.व. २०७५/७६ को प्रतिवेदन, वित्तीय अवस्थाको विवरण(वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि उपर मन्तव्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा वा सुझाव भए जानकारी गराउन तथा छलफलका बिषयसूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो ।

**९.२. छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव सहितको मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु :**

१. श्री अमृतनाथ रेग्मी
२. श्री दामोदर प्रसाद रेग्मी
३. श्री उद्धव प्रसाद घिमिरे
४. श्री नर्सिङलाल चख्खु
५. श्री राम गोपाल महर्जन
६. श्री अमिरदास रन्जित

Progressive Finance Ltd. 2051

७. श्री डमरुबल्लभ घिमिरे
८. श्री शिव प्रसाद पौडेल

**१०. छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतीकरण :**

१. श्री अमृतनाथ रेग्मी

अध्यक्षज्यूको सफल नेतृत्वका कारण प्रोग्रेशिभ फाइनान्सको प्रगति सकारात्मक रहेको छ। यो प्रगतिलाई निरन्तरता दिन आग्रह गर्दछु। वित्तीय विवरण नेपाली भाषामा प्रस्तुत गर्दा उपयुक्त हुने थियो। खाली अनुसूचीहरुलाई थोरै स्थान दिई मितव्ययिता अपनाउनुपर्नेमा ध्यान दिनुपर्छ। ललितपुरमा रहेका हस्तकला सम्बन्धी व्यवसायहरुलाई कर्जा उपलब्ध गराई व्यवसाय प्रवर्द्धनका निम्ति प्रोत्साहन गर्नुपर्छ। मर्जमा जानुभन्दा अन्य राम्रा संस्थाहरुलाई अक्वायर गर्न सुझाव दिन्छु।

२. श्री दामोदर प्रसाद रेग्मी

शेयरधनीहरुले प्रतिफल पाउने अवस्था हुनुपर्छ। लगानीकर्ताहरुको लगानीको मूल्य बुझी प्रतिफल दिनुपर्नेछ। व्यवसाय विस्तारका साथै राम्रो कर्जालाई प्राथमिकता दिनुपर्ने। वित्तीय विवरणलाई विश्लेषण गर्ने हो भने अझै पनि लगानीकर्ताहरुले प्रतिफल प्राप्त गर्नसक्ने अवस्था देखिँदैन। नतिजामूलक व्यवस्थापनमा जोड दिनुपर्छ।

३. श्री उद्धव प्रसाद घिमिरे

वित्तीय संस्थाको वित्तीय स्वास्थ्य सुधारोन्मुख हुँदैगएको छ। संस्थाको व्यवसाय विस्तार भई लगानीकर्ताहरुलाई चाँडो प्रतिफल दिनसक्ने अवस्था आएको छ। वित्तीय परिसूचकहरु हेर्दा पनि उच्च सुधार देखिन्छ। वित्तीय विवरणहरुलाई ग्राफिकल चार्टहरुमा पनि देखाइएको भए राम्रो हुन्थ्यो। संचालक समिति, प्रमुख कार्यकारी तथा व्यवस्थापनमा रहनुभएका कर्मचारीहरुको मेहनतका निम्ति धन्यवाद ज्ञापन गर्दछु।

४. श्री नर्सिङलाल चख्खु

विगत वर्षहरु भन्दा यस वर्ष संस्थाको वित्तीय विवरणहरुमा व्यापक सुधार देखिएको छ। यस्ता सुधारलाई निरन्तरता दिनुपर्छ। व्यवसाय विस्तारमा जोड दिनुपर्छ। कर्जा असुलीमा सुधार देखिन्छ। साथै ROE, ROI, EPS तथा NPA जस्ता महत्वपूर्ण परिसूचकहरुमा उच्च सुधार देखिएको देखिन्छ। अब संस्थाले सुसासन तथा सम्पत्तिको गुणस्तरमा विशेष ध्यान दिई अघि बढ्नुपर्ने देखिन्छ। यसका निम्ति संस्थाको व्यवस्थापनले कर्मचारीहरुको वृत्ति विकास तथा क्षमता अभिवृद्धिलाई विशेष ध्यान दिई गुणात्मक वृद्धिलाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ।

५. श्री राम गोपाल महर्जन

वित्तीय अवस्था हेर्दा सकारात्मक देखिन्छ। शाखा विस्तार गरेसँगै उक्त शाखा कसरी संचालन भएको छ, यसलाई ध्यान दिनुपर्छ। रिजर्भलाई वृद्धि गर्दै जाने योजना अनुसार अगाडी बढ्नुपर्छ। कर्मचारीहरुको योग्यता र क्षमता वृद्धिका लागि ध्यान पुऱ्याउनुपर्छ। कर्जा असुलीलाई विशेष ध्यान दिने हो भने संस्थाले अझ प्रगति गर्नसक्ने देखिन्छ। हालका अध्यक्ष श्री किशोर महर्जनको नेतृत्वमा यस संस्थाले पक्कै पनि प्रगतिको फड्को मार्नेछ। मर्जरमा जानुभन्दा पनि व्यवसाय विस्तारतर्फ लाग्नुपर्छ।

६. श्री अमिरदास रन्जित

संस्थाको व्यवसाय वृद्धि भएको छ कि छैन, व्यवसाय विस्तारसँगै प्रतिफल दिनसक्ने अवस्थामा छ कि छैन भन्ने कुरा महत्वपूर्ण हुन्छ। पौषको अन्तिम सातामा साधारण सभा आयोजना भएको र यस समयमा अधिकतम बैंक तथा वित्तीय संस्थाहरुको साधारण सभा संचालन हुने भएकोले उपस्थिति कम भएको जस्तो लाग्छ। राम्रो शेयर मुल्य तथा स्थान पाउने अवस्था भएमा नेपाल राष्ट्र बैंकले प्रोत्साहन गरिरहेको मर्जर तथा एक्विजिशन नितिलाई पनि विचार गर्न सकिन्छ।

Progressive Finance Ltd. 2051

७. श्री डमरुवल्लभ घिमिरे

वित्तीय विवरण हेर्दा आशावादी हुन सकिने देखिन्छ । अनुभवी कर्मचारीहरुको व्यवस्थापनका कारण संस्थाले दिन दुइगुना रात चौगुना उन्नति गरिरहेको छ । आगामी दिनमा आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र साधारण सभा सम्पन्न गर्न सुझाव दिन्छु ।

८. श्री शिव प्र. पौडेल

प्रोग्रेशिभ फाइनान्सले प्रगतिको उँचाई छुने लक्षण देखिन्छ । आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र साधारण सभा सम्पन्न गर्न आग्रह गर्दछु । प्रत्येक कर्मचारीहरुलाई सुविधा सहितको टारगेट दिनुपर्छ । शाखा कार्यालयहरुको कार्य क्षेत्र तोकि सोहि कार्यक्षेत्र अन्तर्गत लगानी गर्नुपर्ने । व्यवसायलाई समेत सघाउ पुर्‍याउने गरी संस्थागत सामाजिक गतिविधिहरु संचालन गर्नुपर्छ ।

**११. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको अध्यक्षज्यूबाट जवाफ :**

बार्षिक प्रतिवेदन उपर वक्ता शेयरधनीहरुले देखाउनु भएको कमी, कमजोरी उपर अध्यक्षज्यूले धन्यवाद दिँदै उक्त कमी कमजोरीहरुलाई मध्यनजर गर्दै आगामी दिनमा सुधार गर्दै लैजाने प्रतिवद्धता ब्यक्त गर्नुभयो । हाल प्रोग्रेशिभ फाइनान्स एक राम्रो लयमा संचालन भइरहेको छ । छोटो समयमा शाखाहरु विस्तार गरी संचालनमा ल्याएका छौं । हामीसँग वृद्धिका लागि राम्रो अवसर भएपनि कर्जा लगानी गर्न धेरै चुनौतिहरु रहेका छन् । ललितपुरको सुन्धारामा शाखा स्थापना पश्चात मुर्तिकला र हस्तकलालाई प्रोत्साहन गर्नेगरी कर्जा सुविधाका निम्ति व्यवस्था मिलाउने छौं । साधारण सभा नियमित रुपमा सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दै अध्यक्षज्यूले मर्जर र एक्विजिशनका विषयमा नेपाल राष्ट्र बैंकले बाध्यकारी व्यवस्था नगरेको अवस्थामा संस्थाले आफ्नो अस्तित्व बचाइराख्ने र क्षमता विकास गरी क्रमशः "ख" तथा "क" वर्गको बैंकमा स्तरोन्नतिका निमित्त प्रयासरत रहने जानकारी दिनुभयो । लगानीकर्ताहरुलाई शिघ्र प्रतिफल प्रदान गर्नका निम्ति संस्थाले विभिन्न संचालन खर्चहरुलाई न्यूनिकरण गरिरहेको छ । संस्थाले आगामी दिनमा स्थापना गर्ने शाखा कार्यालयहरु पनि सकेसम्म कम खर्चमा स्थापना गरिनेछ । गत आर्थिक वर्षमा लगानीकर्ताहरुलाई प्रतिफल दिन नसकेपनि चालू आर्थिक वर्षको अन्त्यमा भने केही न केही प्रतिफल प्रदान गर्न सक्ने विश्वास गर्दछु ।

**१२. बार्षिक साधारण सभाको निर्णय :**

**(क) <u>सामान्य प्रस्ताव तथा निर्णयहरु</u> :**

**प्रस्ताव नं. १:** संचालक समितिको तर्फबाट प्रस्तुत बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

**निर्णय नं. १:** संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७५/०७६ को संचालक समितिको प्रतिवेदन उपर छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नुभएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**प्रस्ताव नं. २:** लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण(वासलात), नाफा/नोक्सान विवरण (अन्य विष्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

**निर्णय नं. २:** लेखापरीक्षकको आ.व.२०७५/०७६ को लेखापरीक्षण प्रतिवेदन सहित २०७६ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि सहितको वित्तीय विवरण माथि छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

Progressive Finance Ltd. 2051

**प्रस्ताव नं ३:** कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७६/०७७ को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हालका लेखापरीक्षक श्री एस्.एम.सी. एशोशिएट्स, चार्टड एकाउन्टेन्ट्स पुनः नियुक्ति हुनका लागि योग्य हुनुहुन्छ ।)

**निर्णय नं ३:** कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७६/७७ का लागी लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले यस साधारण सभा समक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नुभएकोमा संस्थाको लेखापरीक्षण समितिको मिति २०७६/०८/२७ गते बसेको बैठकले गरेको सिफारिस बमोजिम एस्.एम.सी. एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई लेखापरीक्षक नियुक्ति गर्ने तथा निजलाई लेखापरीक्षण तथा कर परीक्षण बापत पारिश्रमिक कर बाहेक रु. १,५०,०००।- ( अक्षरेपी: एक लाख पचास हजार मात्र) प्रदान गर्ने गरि निर्धारण गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो ।

**प्रस्ताव नं. ४:** विविध

**निर्णय नं. ४:** संस्थाको संचालक समितिको मिति २०७६/०९/११ गते बसेको बैठकले **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ परिच्छेद ४ को दफा १७ बमोजिम** श्री विप्लव सिंहलाई स्वतन्त्र सञ्चालक नियुक्त गर्ने निर्णय गरेको हुँदा संचालक समितिमा एक कार्यकालका निम्ति निजको नियुक्ति अनुमोदनका लागि अध्यक्षज्यूले गर्नुभएको प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।
साथै सञ्चालक श्री लक्ष्मी प्रसाद महर्जनले दिनुभएको राजिनामा संस्थाको संचालक समितिको मिति २०७६/०९/११ गते बसेको बैठकले स्वीकृत गरेको व्यहोरा सभा समक्ष जानकारी भयो ।

**ख) विशेष प्रस्ताव तथा निर्णयहरु:**

**प्रस्ताव नं. १: वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १:**

- वित्तीय संस्थाको प्रबन्धपत्रको दफा २ मा उल्लेखित वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना: १) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मति अन्चल, काठमाडौं जिल्ला, का.म.न.पा. वार्ड नं २२ पाको, न्यूरोडमा रहनेछ । भन्ने व्यवस्था संसोधन गरी वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय/कर्पोरेट) कार्यालय रहने ठेगाना: **"१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय/कर्पोरेट) कार्यालय वाग्मती प्रदेश, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं ३२, तिनकुनेमा रहनेछ ।"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।
- वित्तीय संस्थाको नियमावलीको नियम २ मा उल्लेखित वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना: १) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मति अन्चल, काठमाडौं जिल्ला, का.म.न.पा. वार्ड नं २२ पाको, न्यूरोडमा रहनेछ । भन्ने व्यवस्था संसोधन गरी वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय/कर्पोरेट) कार्यालय रहने ठेगाना: **"१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय/कर्पोरेट) कार्यालय वाग्मती प्रदेश, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं ३२, तिनकुनेमा रहनेछ ।"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।
- वित्तीय संस्थाको नियमावलीको नियम २९ संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाको उपनियम (१)को (ग)को (ई) भ्रमण भत्ता दैनिक भत्ताको २५% भन्ने व्यवस्था संसोधन गरि **नियम २९ संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाको उपनियम (१)को**

Progressive Finance Ltd. 2051

(ग)को **"(ई) भ्रमण भत्ता विल बमोजिम"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

- साथै संस्थाको प्रबन्धपत्र तथा नियमावली संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**प्रस्ताव नं. २: यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा बित्तीय संस्थाको चलअचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन(Due Diligence Audit) गर्ने, मान्यताप्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र(Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सो मा हस्ताक्षर गर्ने लगायत गाभ्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।**

**निर्णय नं. २:** यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा बित्तीय संस्थाको चलअचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन(Due Diligence Audit) गर्ने, मान्यताप्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र(Memorandum of Understanding) तर्जुमा गर्ने र अन्यप्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाम्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय सर्वसम्मत पारित गरियो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

यस तेइसौं वार्षिक साधारण सभाको सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको धारणा व्यक्त गर्दै आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, वित्तीय संस्था संचालनको क्रममा सहयोग गर्ने सम्पूर्ण नियमनकारी निकायहरु, पत्रकार, व्यवस्थापन लगायत उपस्थित सबैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन सहित सभा विसर्जन गर्नुभयो ।

.....................
विशाल हुमागाँई
कम्पनी सचिव

Progressive Finance Ltd. 2051

.....................
किशोर कुमार महर्जन
अध्यक्ष

संस्थाको छाप :

मिति : २०७६ पौष २८ गते सोमबार